**प्रदेश नं. २, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना**:प्रदेशभित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वान्छनीय भएकोले,

प्रदेश नं. २को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नामर प्रारम्भ**: (१) यस ऐनको नाम"प्रदेश नं. २, जाँचबुझआयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन,२०७६"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले जाँचबुझआयोगको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आयोग"भन्नालेदफा३बमोजिमगठनभएकोआयोगसम्झनुपर्छ।

(ग) "अदालत"भन्नालेउच्च अदालत र जिल्ला अदालतलाई सम्झनुपर्छ । सो शब्दले साविककोपुनरावेदनअदालतलाईसमेतजनाउनेछ।

(घ) "तोकिएको"वा"तोकिएबमोजिम"भन्नालेयसऐनअन्तर्गतबनेकोनियममातोकिएकोवातोकिएबमोजिमसम्झनुपर्छ।

(ङ) "प्रमाण"भन्नालेसरजमीन समेतलाई सम्झनुपर्छ ।

(च) "सरकारी वा सार्वजनिक निकाय" भन्नाले यस प्रदेशका सरकारी वा सार्वजनिक निकाय सम्झनुपर्छ।

(छ) "सदस्य" भन्नाले जाँचबुझआयोगको सदस्य सम्झनुपर्छ।

३. **आयोगको गठन**: (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न प्रदेश सरकारले जाँचबुझ आयोगको गठन गर्न सक्नेछ ।

तर संघीय सरकारले जाँचबुझ आयोग गठन गरी सकेको विषयमा प्रदेश सरकारले त्यस्तो आयोग गठन गर्नेछैन ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझ आयोगमा अदालतको पूर्व न्यायाधीश, मुख्य न्यायधिवक्तावा प्रदेश सरकारका बहालवाला सचिव, उपसचिव वा पूर्व सचिव वा उपसचिवअध्यक्ष रसम्बन्धित विषयका विज्ञ सहित अन्य बढीमा दुई जना सदस्य रहनेछन् ।

(३)आयोगको गठनसम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(४) आयोगका लागि आवश्यक जनशक्ति र बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(५) तर संघीय सरकारले जाँचबुझ गर्न जाँचबुझ आयोग गठन गरिसकेको विषयमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्ने छैन ।

४. **आयोगको काम, कर्तव्य र अधिकार**: (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठनसम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठनसम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) आयोगको गठनसम्बन्धी सूचनामा तोकिएको अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।

(४) आयोगलाई देहायका कुरामा प्रचलित नेपाल कानूनबमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः–

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, र

(ङ) यस प्रदेशको क्षेत्राधिकार बाहिरका कुनै पनि सरकारी वा सार्वजनिक निकायबाट सूचना तथा प्रमाण झिकाउन सक्नेछ । यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ,

(च) प्रमाण फेला परे, तत्काल निलम्बनका लागि सिफारिस गर्ने ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्नका लागि आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूका अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकारप्रयोग गर्न सक्नेछः–

(क) जाँचबुझको विषयसम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलितनेपाल कानूनका अधीनमारही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा प्रदेश सरकार अन्तर्गतका कुनै राजपत्राङ्कित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वाआंशिक नक्कल लिने वा लिन लगाउने, र

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित संघीय र प्रदेश कानून बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

५. <u>साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्नेः</u> (१)कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष व्यक्त गरेका कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाण समेत लगाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष व्यक्त गरेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुठ्ठा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित नेपाल कानूनबमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुर्‍याएको मानिने छैन ।

६. <u>आयोगको अवहेलना र सजायः</u>(१) आयोगको काम कारबाहीमा वाधा पुर्‍याएमाआयोगको अवहेलनामानिनेछ ।

(२) आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहर्‍याएमा रु. दश हजारसम्म जरिवाना गर्न सक्नेछ।

तर आयोगलाई सन्तोष हुनेगरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ ।

७. **<u>आयोगको विघटनः</u>** (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठनसम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सक्नेछ ।

८. **<u>आयोगको कार्यविधिः</u>** यो ऐन र यस ऐनअन्तर्गतका नियमहरूको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

९. **<u>आयोगको काम कारवाही गोप्य रहनेः</u>** आयोगको सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

तरनेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पर्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने विषय बाहेक प्रतिवेदनका अन्य अंशहरू प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नेछ।

१०. **<u>काम कारवाही बदर नहुनेः</u>** आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाही बदर भएको मानिने छैन ।

११. **<u>असल नियतले गरेको कामको बचाउः</u>** यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन ।

१२. **<u>आयोगको सदस्य राष्ट्रसेवक मानिनेः</u>** आयोगको अध्यक्ष, सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्ति भ्रष्टाचार निवारण सम्बन्धमा बनेको नेपाल कानूनको तात्पर्यका लागि मात्र राष्ट्रसेवक मानिनेछ।

१३. **<u>नियम बनाउने अधिकारः</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः-

(क) आयोगका सदस्यहरूको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐनअन्तर्गत बनाउनुपर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने, र

(ग) आयोगले प्रयोग गर्न पाउने अरू अधिकार तोक्ने।